नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
**तथ्याङ्क समन्वय कार्यालय**
**कास्की**

☎०६१-४५५३१३
Email:- sokaski313@gmail.com

पत्र सं.:- २०८२/८३
च.नं.:-

मिति:- २०८२/०७/०८
नेपाल संवत:- ११४५

निबन्ध प्रतियोगिता सम्बन्धी सूचना ।

प्रस्तुत सम्बन्धमा यस कार्यालयले तथ्याङ्क दिवस (पुष १७ गते)को अवसरमा सामुदायिक र निजी विद्यालयमा अध्ययनरत माध्यामिक तहका विद्यार्थीहरूको सहभागितामा **"देश विकासमा तथ्याङ्कको भूमिका"** विषयक गण्डकी प्रदेशका कास्की, तनहुँ र नवलपरासी (ब.सु.पू.) जिल्लामा निबन्ध प्रतियोगिता आयोजना गरेकाले इच्छुक विद्यार्थीहरूले तपसिलमा उल्लेख भए बमोजिम निबन्ध लेखी खाम बन्दी गरी वा यस कार्यालयमा इमेल ठेगानामा मिति २०८२/०८/२९ गते भित्र प्राप्त हुने गरी पठाईदिनु हुन सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. निबन्धको शीर्षक:- " **देश विकासमा तथ्याङ्कको भूमिका**"
२. लेखन माध्यम:- नेपाली भाषामा लेखिएको हुनु पर्नेछ (हस्त लिखित वा टाइप दुवैलाई मान्यता दिइनेछ) र निबन्ध कम्ती मा १००० शब्दको हुनु पर्नेछ ।
३. प्रतियोगिताका सहभागी :- कास्की, तनहुँ र नवलपरासी (ब.सु.पू.) जिल्लाका कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरू
४. रचना मौलिक हुनुपर्नेछ AI को प्रयोग गरी लेखिएकोलाई समावेश गरिने छैन र रचना मौलिक हो भन्ने कुरा अनिवार्य रूपमा विद्यालय/ कलेजले प्रमाणित गरी पठाउनु पर्नेछ ।
५. प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको निबन्ध साथ आफ्नो नाम थर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क फोन नम्बर उल्लेख गरी विद्यालयबाट कार्यालयलाई सम्बोधन गरी लेखिएको सिफारिस पत्र समेत संलग्न राखी पठाउनु पर्ने छ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
**तथ्याङ्क समन्वय कार्यालय**
**कास्की**
☎०६१-४५५३१३
Email:- sokaski313@gmail.com

पत्र सं.:- २०८२/८३ मिति:- २०८२/०७/०८
च.नं.:- नेपाल संवत:- ११४५

६. निबन्ध यही मिति २०८२ साल मंसिर २९ गतेभित्र कार्यालयको पत्राचार ठेगाना: तथ्याङ्क समन्वय कार्यालय, कास्की वा इमेल ठेगाना: sokaski313@gmail.comमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।

७. निबन्धको विषयवस्तु भन्दा बाहिर गई लेखिएको निबन्धलाई प्रतिस्पर्धाको सूचीमा समावेश गरिने छैन ।

८. निबन्ध प्रतियोगितामा पुरस्कार छनौट समितिको सिफारिसका आधारमा अन्तिम निर्णयाधिकार तथ्याङ्क समन्वय कार्यालय, कास्कीमा रहनेछ ।

९. निबन्ध लेखन प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीलाई देहाय बमोजिम नगद पुरस्कारका साथै प्रमाणपत्र प्रदान गरिनेछ ।

क) प्रथम — रु ७०००।( सात हजार) १ जनालाई
ख) द्धितीय — रु ५०००। (पाचँ हजार) १ जनालाई
ग) तृतीय — रु ३०००। (चार हजार) १ जनालाई
घ) सान्त्वना — रु २०००। ( दुई हजार) २ जनालाई

१०. “पुरस्कृत विद्यार्थीलाई तथ्याङ्क दिवस २०८२ पौष १७ गते आयोजित समारोहमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिनेछ।”